# रूपा गाउँपालिका कास्कीको वार्षिक नीति तथा कार्यक्रम, २०८०


**रूपा गाउँपालिका**

**Rupa Rural Municipality**

**गाउँ कार्यपालिकाको कार्यालय**

**Office of the Rural Municipal Executive**

**रूपाकोट, कास्की**

**Rupakot, Kaski**

**गण्डकी प्रदेश नेपाल**

**Gandaki Province Nepal**


२०८० असार ०८ गते

**आदरणीय गाउँपालिका उपाध्यक्षज्यू,**

प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरू, सम्पूर्ण कर्मचारी मित्रहरू, सुरक्षाकर्मी, पत्रकार एवम् उपस्थित महानुभावहरू सबैमा हार्दिक नमस्कार एवम् अभिवादन व्यक्त गर्दछु।

१. नेपालको संवैधानिक इतिहासमा संविधान सभाबाट २०७२ सालमा जारी गरिएको नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तिन तहको सरकारको परिकल्पना अनुसार दोस्रो कार्यकालको स्थानीय तह सदस्य निर्वाचन, २०७९ को आधारमा नेतृत्व सम्हाली दोस्रो कार्यकालको दोस्रो वर्षको सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु। यो अमुल्य अवसर दिनुहुने सम्पूर्ण रूपावासी नागरिकहरूलाई हार्दिक आभार व्यक्त गर्दछु।

२. यस अवसरमा नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको बिभिन्न कालखण्डमा भएका आन्दोलन लगायत बलिदानीपूर्ण सङ्घर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। लोकतन्त्र प्राप्तिका लागि विभिन्न चरणहरूको आन्दोलनका क्रममा बेपत्ता भएका, घाइते योद्धा र पीडितहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।नेपालको युगान्तकारी परिवर्तनका लागि भएका आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरूको योगदानप्रति उच्च सम्मान सहित स्मरण गर्दछु।

३. स्थानीय तह सदस्य निर्वाचनमा निर्वाचित भई दोस्रो कार्यभार सम्हालेको एक वर्ष अवधि पुरा भएको छ। दोस्रो कार्यकाल निर्वाचित भएसँगै अनुभवीहरूको अनुभव तथा पहिलो पटक निर्वाचित जनप्रतिनिको उमङ्ग, उर्जा र ईच्छाशक्तिको सम्मिश्रण गरी **"रूपाको पहिचान; सबै क्षेत्रमा समृद्धिको अभियान"** भन्ने मूल नारामा लुकेको रूपाको समृद्धिको खाकालाई चरितार्थ गर्न रूपा गाउँपालिका प्रतिको जिम्मेवारी तथा दायित्वलाई कर्तव्यबोध गरी आफ्नो स्रोत-साधन र क्षमताले भ्याएसम्म नागरिकमैत्री सरकारको रूपमा उपस्थित भएको छ।गाउँपालिकाको सर्वाङ्गीण विकासका पक्षमा स्थानीय सरकारसँग नागरिकहरूको अपार अपेक्षा एवं आशा रहेको छ। उक्त अपेक्षाहरूलाई पूरा गर्न उपलव्ध सीमित स्रोत र साधन तथा अवसरको उच्चतम उपयोग गरी कुशल परिचालनबाट न्यायोचित वितरण र संविधान प्रदत्त अधिकारहरूको प्रभावकारी कार्यान्वयन मार्फत स्थानीय सरकारको अनुभूति हुनेगरी रूपाको विकास र समृद्धिको आकांक्षालाई पूरा गर्न पहल गरिनेछ।

४. स्थानीय तह स्थापना भएसँगै नागरिकले अनुभूत गर्ने गरी सेवा प्रवाह र विकास निर्माणलाई लोकतान्त्रिक विधि र पद्धति अनुरूप सञ्चालन गरिएका छन्। देशकै अर्थतन्त्र खस्कदो रहेको अवस्थामा रूपाबासीको समृद्धिलाई आत्मसात् गरी आर्थिक वृद्धिलाई सकारात्मक दिशामा अगाडि बढाइ उत्पादन र उत्पादकत्वमा बृद्धि गरी हितकारी कार्यक्रम र योजनाहरूको कार्यान्वयनमा ल्याइने छ।

५. आगामी वर्ष प्रदेश सरकारबाट रूपाका गौरवका योजना मध्ये रूपा रिङरोड रूपा ७ रामकोट देखि हाँसपोखरी, कोइलेनी, पिप्ले, स्यास्त्री हुँदै दरगाउँटार, देउपुरबेँसी हुँदै पोल्याङ् सम्मको १६ किलोमिटर बाटो अस्फाल्ट पिच गर्नको लागि बजेट व्यवस्था भएको छ।

६. खाल्टेखोला पुल, सहेला पुल, हाँसपोखरी माझबेँसी सडक, मोहरिया रामकोट झोलुङ्गेपुल लगायत योजना समावेश भएका छन्।

७. रूपा गाउँपालिका वडा नं १ र २ नं वडा कार्यालयबाट गाउँपालिका केन्द्रसम्म जोड्ने महत्वपूर्ण सडक शिवचण्डी बाटो गाउँपालिका बाट नै पिच गर्ने ब्यवस्था मिलाइने छ।

८. स्थानीय स्तरमा प्रचलनमा रहेका भाषाभाषी, भेषभुषा र सास्कृतिक रहनसहन, कला, लगायत पुरातात्विक महत्त्वका सम्पदाको संरक्षण र संवर्द्धनमा विशेष पहल गरी यसको उन्नयनमा जोड दिई सास्कृतिक हव तथा पर्यटनको विकासमा टेवा पुर्‍याइने छ।

९. दिगो बिकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी नेपाल सरकारले अवलम्बन गरेका नीति तथा सिद्धान्तका आधारमा योजना तथा कार्यक्रम सञ्चालन गरी राष्ट्रिय उद्देश्य तथा सोचको बाहक बनी स्थानीय सरकारको सुदृढीकरणमा जोड दिई सुशासनको प्रत्याभूती दिलाउन निरन्तर लागिनेछ।

१०. महिला, दलित, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका, पिछडिएका, मुस्लिम, जनजाती, कुमाल, बोटे, जलारी लगायत अल्पसङ्ख्यक, तेस्रो लिङ्गी समुदायका लक्षित वर्गहरूको अवस्थालाई मध्यनजर गरी गरिवीको रेखामुनी रहेका रूपाबासीको जीवनस्तर सुधार गरी, सर्वाङगीण हितको प्रवर्द्धन गर्दै वर्गीय र सामाजिक मुक्तिको साथै सार्वभौमसत्ता, नेपालको स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा रूपाका जनताको समग्र विकासको नीति लिइने छ।

११. रूपा गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनाले परिलक्षित गरेका उद्देश्य प्राप्तिको लागि कृषि, पर्यटन, उर्जा, उद्योग, भौतिक पुर्वाधार, वन, प्राकृतिक स्रोत परिचालन गरी मानव संशाधन र सुशासनका क्षेत्रहरूमा आवश्यक नीति तथा कानुनहरूको निर्माण गरी विकास र समृद्धिमा लागिने छ।

१२. रूपाबासीको रोजगारीको अवसर सिर्जना गर्ने, बहुआयामीक गरिबी न्युनीकरणमा पहलकदमी गरी रूपा भित्र सडक सञ्जालको पहुँच स्थापित गर्दै, मानव विकासका लागि शिक्षा र स्वास्थ्य क्षेत्रलाई सर्वसुलभ र गुणस्तरीय बनाउने प्रयास गर्दै आएका छौँ।

१३. नेपालको संविधान, नेपाल सरकारको पन्ध्रौ योजना, गण्डकी प्रदेश सरकारको आवधिक योजना, मध्यावधि समिक्षा, मध्यमकालिन खर्च संरचना, दिगो बिकासका लक्ष्यहरू, तथा हालसम्मको उपलव्धि जनताको आकांक्षाको आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

१४. हालसम्म गाउँपालिकाले अवलम्बन गरेका नीति तथा कार्यक्रमका आधारमा रूपाको समृद्धिका लागि सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सफल भएका छौँ। "**बिकासको आधार: सडकको पुर्वाधार**" भन्ने नारालाई आत्मसात गरी सडक पुर्वाधार विकासमा सफल भएका छौ। कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, सामाजिक विकास लगायतका क्षेत्रहरूमा गरिएका कार्यक्रम मार्फत युवा तथा उद्यमीहरूको सिप विकास गरी स्वरोजगारको वातावरण सिर्जना गर्न सफल भएका छौँ।

१५. सीमित स्रोत र साधनको उच्चतम प्रयोग गरी प्राप्त उपलब्धिलाई जगेर्ना गर्दै रूपाबासीलाई सर्वाङ्गिण विकासको अनुभूति गराउन चुनौती सामना गर्नु परे पनि यसलाई हामीले अवसरको रूपमा लिएका छौँ। गाउँपालिकाको सबै क्षेत्रमा सम्भावनाको पहिचान गरी स्थानीय स्रोत र साधनको उपयोगका साथ स्वरोजगारको सिर्जना गरी आत्मनिर्भरताको विकासमा क्षेत्रगत हिसाबले जनताको जीवनस्तर सुधार गर्न सकिन्छ भन्ने अनुभूति भएको छ।

१६. रूपा गाउँपालिकाले निर्माण गरेको पञ्चवर्षीय आवधिक योजनामा प्रस्तुत सोच तथा लक्ष्यका आधारमा एकिकृत पुँजीको निर्माण गरी गरिब, किसानहरूको लागि अवसरको सिर्जना गराउने गरी कार्यक्रम कार्यान्वयन गरिएको छ। नेपाल सरकार, गण्डकी प्रदेश सरकार तथा गाउँपालिकाले निर्माण गरेका कानुनहरूका आधारमा गाउँपालिकाको योजना तथा कार्यक्रमहरूको प्रजातान्त्रिक पद्धतको पालना गरी समृद्ध रूपाको परिकल्पना गर्ने हाम्रो जिम्मेवारी हो। रूपाबासी जनताहरूको साथ र सहयोगले अघिल्लो कार्यकालमा चुनौती र समस्याहरूलाई समाधान गरी चौतर्फी विकासको बलियो जग बसाउन सफल भयौं भन्ने महशुस गरेका छौँ। यस कार्यमा निरन्तर लाग्नुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, बुद्धिजिवी, राजनीतिकर्मी र रूपाका जनतालाई आभार एवम् धन्यवाद ज्ञापन गर्दछु।

१७. हामीले स्थानीय तहको नेतृत्व गर्नुपूर्व विकासले अपेक्षित गति लिन सकेको थिएन। गाउँपालिकाको संरचना बनेर जनप्रतिनिधिले नेतृत्व गर्न थालेपछि स्वास्थ्य, शिक्षा, सडक, खानेपानी, सिँचाइ, कृषि, पशु, पर्यटन, सामाजिक विकास, सुशासन तथा अन्य क्षेत्रमा बलियो जग बसाउन सफल भएका छौँ।

१८. नेपाल सरकारको पन्ध्रौ योजना, मध्यावधि समीक्षा, गण्डकी प्रदेश सरकारको आवधिक योजना, दिगो विकासको लक्ष्य तथा राष्ट्रिय नीति तथा सिद्धान्तका मार्गचित्रका आधारमा आर्थिक बृद्धि र विकासमा टेवा पुऱ्याउन विद्यमान समस्याहरूको समाधान गरी समन्वय र सहकार्यमा कार्यक्रम तथा योजनाहरू अगाडि बढाइनेछ। रूपाकोट स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी सञ्चालन गरिएको १५ शैयाको अस्पताल सञ्चालन भएकोमा थप सुविधा सम्पन्न अस्पताल भवन निर्माणका लागि जग्गाप्राप्ति भइसकेकोले थप ब्यवस्थित सेवा **सहितको २५ शैयाको सुविधा सम्पन्न अस्पताल निर्माणको** कार्यलाई अगाडि बढाइने छ।

१९. प्रशासनिक सेवालाई प्रभावकारी बनाउन सबै वडा कार्यालय व्यवस्थित गर्नुका साथै **गाउँपालिकाको सुविधा सम्पन्न भवन निर्माण** गरिनेछ। २ नं वडा कार्यालयको प्रशासनीक भवन निर्माणलाई निरन्तरता गरिने छ।

२०. विद्युत प्रवाहमा हुन सक्ने अवरोधको समस्या समाधान गर्न विद्युत प्राधिकरणसँग समन्वय गरी वन, बजार र बस्ती क्षेत्रमा कालो तार राखी नियमित तथा सुरक्षित विद्युतीय सेवाको व्यवस्था गरिनेछ।

२१. रूपाताल परियोजनाको कार्य द्रुत गतिले अगाडी बढिरहेको छ। यसलाई गुणस्तरीय बनाई पर्यटकीय हबको रूपमा विकास गर्न गाउँपालिकाको तर्फबाट आवश्यक पहल गरिनेछ।

२२. गाउँपालिका भित्रका ठुला सडक शिवचण्डी मोटरबाटो, थुम्की-पोल्याङ, रामकोट-ठुलबेँसी-माझबेँसी मोटरबाटो, आँपुखोला- देउराली- चिसापानी- सिसाघाट रूपा को रिङरोड, भोर्ले-आँपुखोला, रामदी माउँडाँडा फैचोक रूपा रिङरोड, मादी करिडोर, मोहरीया माझकोट स्तरोन्नती तथा पिचको लागि प्रदेश तथा संघ सरकारसँग समन्वय गरी निर्माणका कार्य अगाडी बढाइनेछ। रिमदीरह झोलुङ्गे पुल, बसल डाडाँ दुलीकोटे रूपा- ४ को झोलुङ्गे पुल निर्माण कार्याको लागि प्रदेश तथा संघ सरकारसँग समवन्य गरि निर्माण कार्य अगाडी बढाइनेछ।

**२३.** जनआन्दोलनका शहिद, बेपत्ता तथा घाइतेहरूको योगदानलाई सम्मान गर्दै उनीहरूको परिवारको सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्यज्यूरू,**

रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८०/०८१ को क्षेत्रगत नीतिहरूलाई निम्नानुसार प्रस्तुत गरेको छु।

**कृषि**

- **गाउँपालिकाको साथ: किसानको हात** भन्ने नारालाई सार्थक तुल्याउन यस वर्ष मह उत्पादन वर्षको रूपमा मनाइनेछ, जस अनुसार एक घर एक घार कार्यक्रम बृहत्तर रूपमा सञ्चालन गरिने छ। गाउँपालिकालाई मौरीपालनको हव बनाउने र **उत्पादित महको Branding गरी न्यूनतम ८००० लिटर मह उत्पादन** गरिने छ।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट रूपाबासीको जीवनस्तरमा सुधार ल्याउन कार्यक्रम सञ्चालन गरिने छ।
- **गाउँपालिकाको सोचः स्थानीय उत्पादनमा जोड** नारालई कार्यान्वयन गर्न गाउँपालिकाका भरीमा **१०० रोपनी जग्गामा सिप्लिकानका विरूवा रोपी मोडल फर्मको रूपमा विकास गर्न व्यवसयिक खेती** गरिनेछ। जसले अर्गानिक तरकारीको उत्पादन गरी बजारीकरणको लागि गाउँपालिकाले व्यवस्थापनमा सहयोग गर्ने छ।
- बाँदर नियन्त्रणका लागि बाँदर पार्क निर्माणको सम्भाव्यता अध्ययन गरी कार्य अगाडि बढाईनेछ साथै वन्यजन्तु व्यवस्थापनमा विशेष जोड दिईनेछ।
- स्थानीय सम्भावना भएका बालीबस्तुहरूको सम्भाव्यता अध्ययन गरी उत्पादन बृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। **कृषिका सम्भावित क्षेत्र पहिचान गरी पकेट क्षेत्र घोषणा गरिनेछ। कृषिका सम्भावित क्षेत्र पहिचान गरी आलु, प्याज, लसुन, अदुवा तथा बेसारको क्षेत्र विस्तार गरी व्यवसायीक खेतीलाई प्रोत्साहन** गरिने छ।
- **गाउँपालिकाको सानःउत्पादनमा आधारित अनुदान** नारालाई आत्मसात गर्दै उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ, छिमेकी स्थानीय तहसँग समन्वय गरी बजारीकरणमा सहजता ल्याइने छ। उत्पादित बाली बस्तुहरूको ढुवानीमा गाउँपालिकाले सहजीकरण गर्ने छ।
- अनुदानमा उपलब्ध **हुने रासायनिक मललाई व्यवस्थित गर्न र किसानको सहज पहुँचका निम्ति प्रत्येक वडामा डिपो राख्ने व्यवस्था** मिलाइने छ।

- कृषिलाई व्यवसायीकरण गरी कृषकहरूलाई प्रोत्साहन गर्न तथा उत्पादित वस्तुको न्यायोचित व्यवस्थापनका लागि कृषि उपजको **न्यूनतम समर्थन मूल्य तोकी किसानहरूका उत्पादित वस्तुको बजारको सुनिश्चितता गरी सहुलियत** प्रदान गरिने छ।
- **रूपाको सान: उत्पादनमा आधारित अनुदान भन्ने** नारा अनुसार कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषक समूह कृषि उद्यमी कृषि कम्पनी कृषि सहकारी तथा कृषि फर्महरूलाई कृषि आय र प्र**तिफलका आधारमा अनुदान तथा कृषकहरूको मागका आधारमा अनुदान** प्रदान गरिने छ।
- कृषि तथ्याङ्क संकलनमा जोड दिइनेछ। गाउँपालिकाबाट वितरण गरिएका अनुदानका कार्यक्रमको प्रभावकारी अनुगमन तथा मुल्याङ्कन गरिनेछ। एक घर एक टनेल कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कृषि, पशुपक्षी तथा मत्स्यपालनको विकास गरी कृषि उत्पादनको विविधिकरण, बजारीकरण तथा औद्योगिकीकरणमा जोड दिइनेछ।
- गाउँपालिकाका सम्पूर्ण कृषकहरूलाई किसान सूचीकरण प्रणालीमा आवद्ध गराई अनुदानका कार्यक्रमहरूमा अनिवार्य सूचिकृत हुनुपर्ने नीति अबलम्बन गरिने छ। हाल २००० कृषक परिवार प्रणालीमा सूचीकृत भएकोमा आगामी आर्थिक वर्षमा सम्पूर्ण कृषकहरूलाई सूचीकृत गर्ने लक्ष्य राखिएको छ।
- गाउँपालिकाका किसानहरूलाई बाली उपचार सहजीकरण गर्न कृषि स्नातक परिचालन गरी घर घरमा प्राविधिक सेवा टेवा प्रदान गरिनेछ।
- एक वडा एक कृषि सञ्जाल गठन गरी कृषि कार्यलाई थप व्यवस्थित र व्यावसायिक बनाइने छ।

**पशु सेवा**

- रूपा गाउँपालिकाका किसानहरूलाई पशु उपचारमा सहजीकरण गर्न पशु चिकित्क मर्फत प्राविधिक घुम्ती सेवा प्रदान गरिनेछ।
- पशुपालनलाई व्यवस्थित गर्न भकारो सुधार गराइनेछ। उत्पादनलाई आधार मानि कृषक तथा फार्महरूलाई अनुदानको व्यवस्था मिलाइने छ।
- **स्वस्थ पशु समृद्ध किसान"** नारालाई सफल पार्न हरेक वडामा **पशु स्वास्थ्य शिविर सञ्चालन** गरिने छ।
- कृषि तथा पशु विमाका लागि विमा सचेतना कार्यक्रम सञ्चालन गरिने छ। पशुपन्छी जोखिम न्युनीकरणका लागि कृषि तथा पशु बीमा तालिम सञ्चालन गरिने छ।
- उत्पादन लागत कम गराउनका लागि घाँस खेती कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- पशु पन्छीहरुको विभिन्न रोग नियन्त्रणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक खोप कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- दुध, अण्डा, माछा, मासुको उत्पादकत्व वृद्धि गर्न कृत्रिम तथा प्राकृतिक गर्भधानको माध्यमद्वारा पशुपन्छी हरूमा नश्ल सुधार गरिने छ।
- कृषकलाई तालिम तथा भ्रमणमार्फत क्षमता अभिवृद्धि गरी व्यावसायिक बनाउने नीति लिइने छ।
- गाउँपालिकाभित्र पशुपन्छीपालन सम्बन्धि कार्यक्रम संचालन गर्न अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुसँग सहकार्य गरि कृषकको माग बमोजिम साझेदारी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- पशुबाट मानिसमा सर्ने विभिन्न रोगहरूको बारेमा जनचेतनाको लागी विभिन्न कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- पशुलाई उपचारको लागि सहज बनाउनको लागि औषधीको व्यवस्थापन गरिनेछ।

- पुँजीको अभावमा व्यवसाय गर्न चाहने युवालाई युवा तथा स्वरोजगार कोष मार्फत् सस्तो व्याज दरमा ऋण उपलब्ध गराई स्वरोजगार बनाइने छ ।

**खानेपानी**

- **मुलदेखि मुखसम्म कार्यक्रम** अन्तर्गत रुपाबासीलाई सुरक्षित खानेपानीको व्यवस्थापन गर्न गाउँपालिका भित्रका खानेपानीका मुलहरु परिक्षण गरि जनताहरूलाई स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।
- प्रदेश सरकारबाट सञ्चालित बाँकी योजनाहरूलाई आवश्यक समन्वय मार्फत आगामी वर्ष सम्पन्न गरी सबै नागरिकका घरमा स्वच्छ खानेपानी पुऱ्याइने छ ।
- गाउँपालिकाभित्र ९० प्रतिशत घरमा एक घर एक धारा कार्यक्रम सम्पन्न भएको छ । बाँकी स्थानमा योजनाको सञ्चालन भैरहेको छ ।गाउँपालिकाभरि स्वच्छ र सफा पानी व्यवस्थापनका लागि खानेपानी मूल संरक्षणको नीति लिइने छ ।

**स्वास्थ्य**

- रूपा गाउँपालिकाभित्रका माध्यमिक विद्यालयहरूमा विद्यार्थीसँग स्वास्थकर्मी कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको रुपाकोट अस्पताललाई थप व्यवस्थित गरि सेवा प्रवाह सहज बनाईनेछ । जनताको सेवालाई **ध्यानमा राखी महिनाको १ दिन सबै स्वास्थ्य संस्थाहरुमा डाक्टर सेवा प्रदान** गरिनेछ।
- सबै जनताको स्वास्थमा पहुँच पुगोस भन्ने उद्देश्यले सबैका लागि स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिने छ । स्वास्थ्य विमामा आबद्ध हुन नसक्ने कुमाल, बोटे, जलहरी, दलित, मुस्लिम, गरिब र विपन्न परिवारलाई गाउँपालिकाले नै स्वास्थ्य विमा गर्ने व्यवस्था मिलाउनेछ ।
- नेपाल सरकारबाट उपलब्ध गराईने स्वास्थ्य विमा रूपाकोट अस्पतालबाट सञ्चालनमा ल्याइनेछ ।
- रूपाबासीहरू बिरामी पर्दा रूपाकोट अस्पतालसम्म पुग्नको लागि निःशुल्क एम्बुलेन्स सेवा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- आर्थिक अभावले उपचारबाट बञ्चित हुन नपरोस भनेर मृगौला फेल भएका, क्यान्सर रोग लागेका तथा गरिबीको रेखामुनी रहेका न्यूनतम ५०० जनालाई निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिने छ ।
- रूपाका जनताको स्वास्थ्यमा पहुँच होस् भन्ने हेतुले सबै वडामा स्वास्थ्य चौकी स्थापना गरिएको छ । स्वास्थ्यको पहुँच नपुगेको ठाँउमा टोलटोलमा स्वास्थ्य कर्मी कार्यक्रम सञ्चालन गरिनेछ ।

**शिक्षा**

- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि बालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरूलाई तलब भत्ता प्रदान गर्ने साथै कक्षा शिक्षक तथा प्र.अ. प्रोत्साहन अंग्रेजी माध्ययमको पाठ्यपुस्तक शैक्षिक क्यालेण्डर शिक्षक डायरी पोशाक लगायतका कार्यलाई निरन्तरता दिइने छ ।
- विद्यार्थीहरूको आर्थिक अभावका कारणले शिक्षाबाट वञ्चित हुननपरोस भनि विद्यालयको स्रोत र साधनको सदुपयोग गर्दै विद्यालय हाताभित्र कमाउदै पढ्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- तालिम प्राप्त शैक्षिक जनशक्ति उपलब्धीपूर्ण नतिजाको प्राप्तीका लागि तालिम, कार्यशाला सञ्चालन गरिनेछ। "हामी र हाम्रो रूपा स्थानीय पाठ्यक्रम २०७७" का आधारमा स्थानीय पहिचान सहित विकास गरिएका पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइने छ ।
- **दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोडी स्वस्थकर ताजा खाजा व्यवस्थापन गर्न स्थानीय कृषि उपजको प्रयोगलाई प्राथमिकता दिने नीति लिइने छ ।**
- अभिभावक, शिक्षक र विद्यार्थीविच समन्वय गरी विद्यालयमा चासो बढाउनको लागि अभिभावकहरूसँग अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिने छ ।

- सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि **नियमित अनुगमन गर्ने संयन्त्र** निर्माण गरिनेछ।
- रूपा गाउँपालिकालाई शैक्षिक हवको रूपमा विकास गर्ने नीति लिइएको छ। सामुदायिक विद्यालयहरूमा इन्टरनेटको पहुँच विस्तार भइसकेको छ। साथै सबै विद्यालयहरूमा ICT ल्यावको व्यवस्थापन गरी प्रविधिमैत्री शैक्षिक व्यवस्थापन गरिने छ।
- सामुदायिक विद्यालयका **प्रध्यानाध्यापकहरूसँग गरिएको कार्यसम्पादन करार सम्झौता र सोबाट** प्राप्त नतिजाको आधारमा पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गरिनेछ। साथै शिक्षकहरुसँग समेत कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइने छ।
- विद्यालयमा सञ्चालन गरिएको पठ्दै कमाउदै कार्यक्रमलाई निरन्तरता दिइने छ।
- सामुदायिक विद्यालयहरूमा वाल उद्यान निर्माणका लागि गैरसरकारी संस्थाहरूसँग समन्वय गरिने छ।
- स्वास्थ्य जनशक्ति र सक्षमताका लागि खेलकुद विकास गर्नका लागि कार्यक्रम सञ्चालन गरिने छ।
- गाउँपालिकाभित्रका प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयहरूको आवश्यकताका आधारमा व्यवस्थापन गर्ने नीति लिइएको छ।
- विषयगत सिकाई उपलब्धि वृद्धिका लागि विषयगत सिकाई समुहलाई परिचालन गरी गुणस्तर वृद्धि गर्ने नीति लिईने छ।
- सामुदायिक विद्यालयको परीक्षा तथा मूल्याङ्कन प्राणालीलाई व्यवस्थित गरी परीक्षा सञ्चलनलाई व्यवस्थित गरिने छ।

**श्रम तथा युवा रोजगार**

- रूपा गाउँपालिकामा रहेका र वैदेशिक रोजगारीबाट सिप तथा अनुभवसहित फर्केका युवाहरूलाई उनीहरूको क्षमताको उपयोग गरी उद्यमशीलताको विकास गर्न स्वरोजगारमूलक तालिम सञ्चालन गरिने छ।
- रूपा गाउँपालिका भित्र रहेका बेरोजगार युवाहरूलाई उद्यमशील रोजगारीमा जोड्न तथा युवा शक्तिको परिचालनका लागि रोजगार सेवा केन्द्रलाई सुदृढ बनाई श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत सञ्चालित कार्यक्रमहरू थप प्रभावकारी ढंगले सञ्चालन गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रूपा गाउँपलिका भित्र १८-५९ वर्ष उमेर समूहका सूचीकृत युवाका लागि न्यूनतम १०० दिनको रोजगारीका लागि लागत साझेदारीमा विकास योजनाहरू सञ्चालन गरी रोजगारी श्रम बजारमा प्रवेश गराइनेछ।
- वैदेशिक रोजगारमा जाने युवाहरूका लागि श्रम स्वीकृती तथा पुन : श्रम स्वीकृति, वैदेशिक रोजगारीवाट सिप, पूँजी र अनुभव सहित फर्केका युवाहरूलाई स्वरोजगारमा जोड्नका निमित्त पुन:एकीकरणका कार्यक्रमहरू, वैदेशिक रोजगार कल्याणकारी कोष मार्फत प्रदान हुने सेवा सुविधा रोजगार सेवा केन्द्र मार्फत एकीकृत रूपमा सहजीकरण तथा सञ्चालन गरिनेछ।
- शिक्षित बेरोजगार तथा सिपयुक्त बेरोजगार युवावर्गलाई युवा स्वरोजगार कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम तथा महिला उद्यमी कार्यक्रम मार्फत सिप र उत्पादनशील रोजगारीमा जोड दिई लक्षित वर्गको जीवनस्तरमा सकारात्मक परिवर्तनका लागि लघु तथा घरेलु उद्योग, कृषि फर्म लगायत व्यवसायजन्य जनशक्ति निर्माणका लागि आवश्यक नीति तथा बजेट व्यवस्थापन गरी कार्य सञ्चालन गरिनेछ।

- गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम मार्फत MEDPA GESIMIS मा समावेश भई आधारभुत सिप हासिल गरिसकेका सक्रिय लघु उद्यमीहरूका लागि व्यवसायको स्तरोन्नति तथा बजारीकरण सम्वन्धमा थप कार्यक्रमहरू तय गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तथा लघु उद्यम विकास कार्यक्रम मार्फत **कम्तीमा १५०० व्यक्तिहरूलाई रोजगार सिर्जना** गरिने छ।
- सीपमूलक तालिम लिएका युवाहरूलाई विभिन्न बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गरी आर्थिक अभाब भएका युवाहरूलाई लगानीको वातावरण मिलाईने छ।
- युवा, महिला, दलित, लगायत न्युन आय भएका लक्षित वर्गहरूको तथ्याङ्क संकलन तथा आवश्यकताको पहिचान गरी बजारको माग अनुसार सिपमूलक तथा व्यवसायिक तालिमका आधारमा स्वरोजगार वनाईने छ।
- युवाहरूलाई रूपा भित्रै विभिन्न क्षेत्रमा रोजगारी दिलाउनको लागि गाउँपालिकाको तर्फबाट युवा तथा स्वरोजगार कोषको स्थापना गरी पूँजी नभएका **व्यबसायीहरूलाई न्यूनतम व्याजदरमा ऋण दिने** नीति लिइने छ।
- बैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई पुनः बैदेशिक रोजगारीमा जानबाट निरुत्साहित गर्नका लागि पर्याप्त रोजगारी तथा स्वरोजगार सिर्जनाका कार्यक्रम अगाडि सारिनेछ।
- बनका कु-काठहरूलाई प्रयोग गर्नका निम्ति सिजनिङ्ग गरी व्यवसायसँग जोड्ने कार्यक्रम ल्याइने छ।

**पर्यटन**

- पर्यटकहरूलाई रूपा भित्र अध्ययन अवलोकनका लागि सहज वातावरण सिर्जना गर्न पर्यटकीय क्षेत्रको पहिचान तथा घोषणा गरी पर्यटकीय गन्तव्यको रूपमा प्रचार-प्रसार गरिनेछ।
- आन्तरिक तथा बाह्य पर्यटनलाई लक्षित गरी विभिन्न वडाहरूमा होमस्टे (घर आवास) कार्यक्रम सञ्चालनमा आइरहेको छ भने बाँकी रहेका स्थानहरूमा व्यबस्थित होमस्टे सञ्चालन र प्रवर्दधन गरिनेछ।
- गाउँपालिका भित्रका विभिन्न भाषा धर्म संस्कृतिलाई पर्यटकीय सञ्जालका रूपमा जोडी सांस्कृतीक संग्राहलयको शुरुवात गरिनेछ।
- **रूपाको ध्यान: सांस्कृतिक पहिचान**को नारालाई सार्थक बनाउन रूपा गाउँपालिका भित्र रहेका ऐतिहासिक, साँस्कृतिक सम्पदा, कला साहित्यको संरक्षण गरी पर्यटन प्रवर्द्धनसँग जोडी जनताको आयस्तर बढाईनेछ।
- गाउँपालिकालाई पर्यटनको गन्तब्यको रूपमा विकास गर्न यहाँका भौगोलिक, धार्मिक, सांस्कृतिक सम्पत्तिलाई अधिकतम रूपमा प्रयोग गरी पर्यटनको विकास गर्न सबै डाँडाहरू जोडेर बहुउद्देश्यीय पदमार्ग सहित शान्ति पार्क निर्माणको कार्यलाई निरन्तरता दिईने छ।
- पौराणिक रूपमा रहेका मठ, मन्दिर, मस्जिद, गुम्बाको संरक्षण गर्दे बर पिपलको संरक्षण का लागि एक वडा तिन चौतारी निर्माण कार्यक्रमलाई निरन्तरता दिइने छ

**वन**

- सामुदायीक वन, निजी क्षेत्र, स्थानीय तह, प्रदेश र संघीय सरकारहरुसँग समन्वय गरि वन उद्यमशिलताको सम्भावित अध्ययन गरी उद्योग स्थापानाको पहल गरिनेछ, युवाहरुलाई स्वरोजगार बनाउन कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषकहरूलाई कृषि पेशामा पर्न सक्ने तथा परेको असहजतालाई मध्यनजर गर्दै वन्यजन्तु व्यवस्थापनमा विशेष कार्यक्रम लागू गरिने छ।
- "**सामुदायिक वन: जनताको आर्थिक समृद्धिमा योगदान**" भन्ने मुल नाराका साथ वन जङ्गलमा रहेका काठ, दाउरा, जडीबुटी लगायतका वस्तुहरुको अधिकतम प्रयोग तथा वनको दिगो व्यवस्थापन **गरी जनताको आयस्तर बढाउनको लागि वन सम्बन्धी प्रशोधन उद्योगको स्थापना गरी युवाहरूलाई रोजगारीमा** जोडिने छ।

- वन संरक्षण र प्रवर्धन गर्दे व्यवस्थित वन सौन्दर्यकरण गरी वन्यजन्तु व्यवस्थापन सँगै वन पर्यटनलाई प्रवर्धन गरिनेछ। साथै एक सामुदायिक वनमा नमूना वन नर्सरी कार्यक्रम सञ्चालन गरिने छ।
- नेपाल सरकारसँग समन्वय गरी गाउँ शिक्षा तथा वातावरण विकास कार्यक्रम (REED) सञ्चालन गरिनेछ।

**पूर्वाधार विकास**

- **गाउँपालिकाको मुख्य सडक मध्येको रामकोट, पिप्ले, स्यास्त्री, दरगाउँटार, पोल्याङ्गटार सडक प्रदेश सरकारको योजनामा समावेश भएको जानकारी गराउँदछु। साथै वडा नं. १ र २ जोड्ने शिवचण्डी बाटो गाउँपालिकाले नै १० कि. मि. पिच गर्ने व्यवस्था मिलाईने छ।**
- वडा नं. ५ अन्तर्गत काउनेपोखरी देखि देउराली बजारसम्मको सडक स्तरोन्नती गरिनेछ। देउराली देखि रामादी पक्की सडक निर्माण गरिनेछ।
- वडा नं.१ जोड्ने मुख्य सडक पिच गरिनेछ तथा वडा नं.४ वडा कार्यालयमा बाँकी रहेको सडक खण्ड गाउँपालिकाले नै पिच गर्ने व्यवस्था मिलाईनेछ।
- सडक तर्फ मुख्य सडक, वडा कार्यालय जोड्ने वा निजी आवास जोड्ने बाटोलाई क्रमश रूपमा प्राथमिकतामा राखि कार्यान्वयन गरिनेछ।
- बस्ती विकास सहरी योजना अन्तर्गत टाकान्जा, पोल्याङ्गटार, खोलाकोछेउ, पिप्ले, रैकरवेशी जस्ता वस्तीहरूलाई कृषिसँग जोडी नयाँ शहरी क्षेत्र मोडल विकास गर्नको लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- विद्युतका लागि काठको पोल विस्थापन गरी नाङ्गो तारालाई विस्थापित गर्दै कालो तारको व्यवस्थापन गरिने छ ।
- खानेपानीका निम्ति मुहान देखि मुखसम्म सफा स्वच्छ पानी नारालाई प्राथमिकतामा राखी कार्यक्रमलाई निरन्तरता दिइने छ।
- रूपा गाँउपालिकाका रणनीतिक महत्वका मुख्य सडकहरू शिशुवा पोल्याङटार सडक खण्ड, रूपाकोट थुम्की सडक खण्ड, वेगनास भोर्लेटार सडक खण्ड, फालभञ्ज्याङ्ग चिसापानी मो.बा. पिच गर्ने कार्य सम्पन्न भै सकेको छ , भने पक्की बाटोलाई संरक्षण र मर्मत सम्भार गर्नको लागि एक छुट्टै पक्की बाटो संरक्षण संरचना खडा गरी नियमित रूपमा मर्मत संभार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- शिवचण्डी मोटरबाटो, रूपा रिङरोड, रामकोट देखि ठुलवेशी माझवेशी, रूपा रिङरोड, थुम्की पुल्चोक, देउराली रामदी माउडाँडा फैचोक मोटरबाटो, घिमिरेथर आँपुखोला भोर्ले, भिरचोक तालवेशी, विमिरे दारेगौडा देउराली चिसापानी सिसाघाट, खोलाकोछेउ टापु चिसाकुना आँपुखोला, धारापानी स्याक्लुङकोट इन्द्रगुफा, तिसको मुहान ठाँटिथर थुम्का, विलमादे कोइराले मनोहरी कालोपत्रे, रामकोट स्याक्लुङकोट कालोपत्रे, रूपा १ को वडा कार्यालयदेखि ताराखसे कार्कीडाँडा सम्म मोटरबाटो, खरवारी टुडो सिस्टेनी, सिर्कुतान पानीवण्डा वृद्धि मोटरबाट केन्द्र र प्रदेशको योजनामा समावेश गरी स्तरोन्नती तथा पिचको काम अगाडि वढाइनेछ।
- गाउँपालिका स्तरीय प्यारापिट सहितको स्टेडियम द्रुत गतिमा निर्माण कार्य अगाडी बढिरहेको छ साथै यसै वर्ष सम्पन्न गर्ने नीति लिइएको छ।
- गाउँपालिका भित्रका सबै वडामा खेल मैदान बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै विकास निर्माणको कामको लागि गुणस्तर कायम गर्नको लागि अधिकतम पहल गर्ने नीति लिइने छ।

**सामाजिक विकास**

- महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, जनजाति, मुस्लिम, अलपसख्याङ्क, अपाङ्गता भएका ब्यक्तिहरूको स्वास्थ्यमा पहुँच पुऱ्याउन नेपाल सरकारले उपलब्ध गराएको स्वास्थ्य विमा निःशुल्क गरिने साथै उनीहरूका लागि सञ्चालन गरिने कार्यक्रममा बढीमा ७५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरिनेछ।
- लैङ्गिक हिंसा न्यून गरी लैङ्गिक समानताको विकास मार्फत बालविवाह तथा छुवाछुत सम्बन्धी सचेतना गराउने नीति लिइने छ।
- महिलाहरूको नेतृत्व क्षमता विकास गरी आर्थिक उपार्जन समेत हुने गरी विभिन्न प्रतियोगिताहरूको आयोजना गर्ने नीति लिईने छ।
- विभिन्न समयमा राष्ट्रका लागि योगदान दिने शहीद परिवार, द्वन्द्व पीडित तथा वेपत्ता परिवारहरूका लागि सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउने नीति लिईने छ।
- गाउँपालिकाभित्रका दलित, मुस्लिम, कुमाल, बोटे, जलारी, लगायतका जनजातिहरूको सांस्कृतिक सम्पदाको संरक्षण तथा व्यावसायिक प्रवर्धनका गर्ने नीति लिइएको छ।
- तेस्रो लिङ्गी समुदायको पहिचान र सशक्तिकरण गर्ने नीति लिइएको छ।
- न्यायिक समितिको क्षमता विकासका लागि अन्तरपालिका स्तरीय गोष्ठी, भ्रमणको व्यवस्था गरिनेछ भने न्यायिक समितिलाई अझ प्रभावकारी बनाई पूर्ण ईजलास सञ्चालन गरी सेवा प्रदान गरिनेछ।
- महिलाहरूको आय आर्जन, क्षमता विकासका लागि उपाध्यक्षसँग महिला कार्यक्रम  तथा सुत्केरी महिलाहरूलाई पोषण वितरणको कार्यक्रम सञ्चालन गरिने छ।
- अपाङ्गहरूको आय आर्जनलाई लक्षित गरी गाउँपालिका र गैरसरकारी संस्थाको समन्वयमा विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गर्ने प्रवन्ध मिलाईने छ।
- रूपा गाउँपालिकामा रहेका जेष्ठ नागरिकहरू गाउँपालिकाका सम्पत्ति भएकाले उनीहरूको पारिवारिक दायित्व बोध गराउनको लागि पारिवारिक मिलान सचेतना कार्यक्रम सञ्चालन गरिने छ।
- बालबालिकाहरूको नेतृत्व विकासका लागि वडास्तरीय बालक्लव तथा गाउँपालिकास्तरीय बाल सञ्जाल गठन तथा परिचालनको कार्यलाई निरन्तरता दिइएको छ।
- रूपा गाउँपालिका भित्रका ३ स्थानहरूमा (वडा नं. २, ४,  ५,७ मा) बहुउद्देश्यीय जेष्ठ नागरिक दिवा मनोरञ्जन घर निर्माण सम्पन्न भएको छ भने यसै वर्षबाट आवश्यक सामाग्री व्यवस्था गरी संचालन गरिनेछ।बाँकी वडाहरूमा संरचनाको निर्माण गरि कार्य अगाडि वढाइनेछ।
- गरीब परिवार पहिचान तथा परिचयपत्र वितरण सम्बन्धी कार्यक्रम अन्तर्गत गरिब परिवारलाई परिचयपत्र वितरण गरिने छ।
- भूमिहिन सुकुम्बासीहरूका लागि जग्गा धनी दर्ता प्रमाणपूर्जा तथा कृषकहरूलाई कृषक परिचयपत्र वितरण गरिने छ।

**युवा तथा खेलकुद**

- रूपा  गाउँपालिका स्तरीय खेलकुद विकास समिति मार्फत खेलाडीहरूमा प्रतिष्पर्धात्मक क्षमता विकासको नीति लिइने छ।
- युवाहरूलाई सिपमुलक तालिमको व्यवस्था गरी स्वरोजगार बनाई स्वदेशमै व्यवसायिक काम गर्ने वातावरण बनाउने नीति लिईनेछ।
- सबै वडामा खेल मैदानको स्तरोन्नती गरी खेलाडीहरूलाई प्रशिक्षणको उचित व्यवस्था गरिनेछ।

- रिटर्नि (बैदेशिक रोजगारबाट फर्केका) युवा केन्द्रित उद्धमशिलता, सिप विकास तथा व्यवसायिक एवम् प्राविधिक तालिम सञ्चालन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुरक्षित एवम् मर्यादित वैदेशिक रोजगारको लागि अभिमुखीकरण परामर्श तथा सचेतनामुलक कार्यक्रम अगाडि वढाइनेछ ।
- युवाहरूलाई सामाजिक सेवाको भावना विकास गरी नेतृत्व क्षमता अभिवृद्धि गर्न स्वयमसेवक युवा परिचालन नीति लिइने छ ।

**सहकारी तथा उद्योग**

- गाउँपालिका भित्र स्थापना भएका कृषि सहकारीहरूलाई विशेष प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरि आयआर्जनमा जोडिनेछ ।
- गाउँपालिका भित्रका उत्पादनहरूलाई ब्राण्डीङ गरी औधोगिकीकरण तथा व्यवसायिक बनाउनको लागि रूपा निगमको व्यवस्था गरी यसै वर्ष एक उत्पादन उद्योगको शुरुवात गरिनेछ ।
- आर्थिक रूपले सवल व्यवसायिहरूलाई रूपामा लगानीमैत्री वातावरण बनाउनको लागि रूपा गाउँपालिकामा लगानी सम्मेलन गर्ने वातावरण मिलाईनेछ । जसका कारण यहाँका बाँझो जग्गामा उत्पादन तथा ओद्योगिकीकरणको विकास हुने र रोजगारीको वातावरण सिर्जना हुनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन**

- रूपा गाउँपालिकाको बढ्दो जनसंख्या भएको क्षेत्र हेरी चाप भएको स्थान पहिचान गरी उक्त स्थानबाट निस्कने फोहरमैलाको व्यवस्थापन गर्नको लागि ल्याण्डफिल साईडको पहिचान गरी फोहरमैलाको व्यवस्थापन गरिनेछ ।
- बाढी पहिरोबाट प्रभावित भएका घरपरिवारलाई पुनर्वासको लागि सुरक्षित नागरीक आवास, मनसुनजन्य विपद प्रभावितहरूलाई आवास कार्यक्रम मार्फत जोडिनेछ ।
- मादी नदि १,३,७, खाल्टे, आँपुखोला, माझवेशी, पास्ते खोला, वृद्धि खोला, खाल्टे, विल्मादे खोला, तालवेशी भारपोला, अधेँरीखोला, चायापानी, खोल्सी, खरवारी टुडो खोलाको छेउ टापु, तालखोला, घ्वाङखोला, भयरखोला, लगायतका स्थानमा तटवन्दको योजना वनाइ संघ प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी तटबन्ध निर्माण गर्ने कार्यक्रम अगाडि वढाइनेछ ।
- सार्वजनिक जग्गा संरक्षण, पार्क निर्माण तथा हरियाली प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।
- विपद्का दृष्टिले जोखिम क्षेत्रको पहिचान गरी आवश्यक बजेट तथा जनशक्ति व्यवस्थापन गरी विपद् बाट हुने क्षति न्यूनीकरण गरिनेछ ।
- गाउँपालिकामा विपद् व्यवस्थापन कोष खडा भई सञ्चालनमा आइसकेको छ। विपद्को बेला खोज, उद्धार, राहत र पुनस्थापना गर्न विपद व्यवस्थापन कोषमा रकम थप गरी विपद् पछिको उद्धार, राहत र पुर्नलाभमा खर्च गरिनेछ । साथै विपद् व्यवस्थापन तथा उद्धारका लागि हरेक वडामा तालिम सञ्चालन गरिनेछ ।
- विकास निर्माणका काम गर्दा वातावरणमैत्री विकास गर्न जोड दिइने छ । जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन गरिने छ ।
- वातावरण मैत्री स्थानीय शासनका मुलभूत मान्यतालाई आत्मसाथ गरिने छ। भु संरक्षण र जलाधार संरक्षणमा जोड दिइने छ ।
- बाढी पहिरो नियन्त्रणको लागि लागत सहभागितामा आधारित भई तारजालीको वितरण गरिनेछ ।
- सामुदायिक वनको संस्थागत विकासका लागि आवश्यक नीति लिइने छ ।
- रूपावासीलाई विपद्जन्य जोखिमबाट सुरक्षा प्रदान गर्ने नीति लिइनेछ ।

- जोखिमयुक्त स्थानको नक्साङ्कन तथा पहिचान गरी उक्त क्षेत्रको संरक्षण गरिने छ।

**सुशासन, संस्थागत विकास, सेवा प्रवाह र विविध**

- आगामी वर्ष रूपावासी जनतालाई गाउँपालिका भित्रको सार्वजनिक सेवा लिनको लागि सहज होस भन्ने उद्देश्यले नागरिकले कार्यालयभित्र फाईल बोकेर हिड्ने परम्परालाई अन्त्य गरिनेछ। त्यसका लागि छुट्टै **"नागरीक सहायता टेवल"** राखी सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- देशको अर्थतन्त्र चापमा रहेको अवस्थामा अर्थतन्त्रलाई टेवा पुग्ने गरी यस गाउँपालिकाको पुँजीगत तथा प्रशासनिक खर्च तर्फ न्यूनतम २० प्रतिशत कटौती गरी  विविध तथा प्रशासनिक खर्चका साथै अतिरिक्त भत्ता कटौती गरिने छ।
- रूपा गाउँपालिकाका जनताको सुरक्षालाई मध्यनजर गर्दै गाउँपालिका प्रवेश गर्ने  नाकाहरूमा सिसिटिभि क्यामराको व्यवस्था गरिनेछ।
- सवै वडा कार्यालयमा २४ सै घण्टा सेवा प्रवाहमा सहजताका लागि आवश्यक वैकल्पिक उर्जाको व्यवस्था गरी जनतालाई सर्वसुलभ सेवाको व्यवस्थालाई निरन्तरता दिइने छ ।
- रूपा  गाउँपालिकामा आगामी वर्ष सबै वडाहरूमा डिजिटल वडापत्रको व्यवस्था गरिनेछ।
- सार्वजनिक सेवा प्रवाह र सुशासन नतिजामूलक व्यवस्थापनको  नीतिलाई अबलम्बन गरी सेवा प्रबाहलाई नागरीक र विकासमैत्री बनाईनेछ।
- सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, उत्तरदायी र नागरीकमैत्री बनाइनेछ।गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको गुणस्तर सुनिश्चित गरिनेछ। सुशासनका लागि सार्वजनिक सेवा प्रवाहलाई सरलीकृत गरिनेछ।
- गाउँपालिकाको नियमित सार्वजनिक सुनुवाई र सामाजिक लेखा परिक्षणका कार्यक्रम संचालन गरिनेछ।
- सार्वजनिक सेवालाई विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्न जोड दिइनेछ।
- न्याय सम्बन्धी सेवाको सहजताका लागि कानुनी सहायताको व्यवस्था गरी न्यायिक पद्धतीलाई प्रभावकारी बनाइने छ। साथै हरेक वडाहरूमा मेलमिलापकर्ता साथै मेलमिलाप केन्द्रहरूको स्थापना गरिएको कार्यालय व्यवस्थापन गरी मेलमिलाप कर्ताको क्षमता विकास गरिनेछ।
- स्रोत साधनका अबैध र अत्याधिक दोहनको नियन्त्रण र ब्यवस्थापन गर्न उपयुक्त नीति बनाई व्यवस्थित गरिनेछ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सबै जनप्रतिनिधी र कार्यरत कर्मचारीहरूको क्षमता अभिबृद्धि कार्यक्रमलाई निरन्तरता दिइने छ।
- विकास योजना तथा सेवा प्रवाहको कार्यान्वयन पक्षलाई प्रभावकारी, नतिजामुखी, गुणस्तरीय, जवाफदेही बनाउन अनुगमन र मूल्याङ्कन प्रणाली थप प्रभावकारी बनाइने छ।
- डिजिटल भिलेज प्रोफाइललाई पूर्णता दिई सो को तत्थ्याङ्कका आधारमा लक्षित बर्गका कार्यक्रम सञ्चालन गरिनेछ।

अन्त्यमा,

**रूपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान** भन्ने मूल नारालाई सार्थक बनाउनका लागि सुशासन, पारदर्शिता, जवाफदेहिता र विकासका निमित्त योजना समाबेश गर्द्दै **"समृद्ध नेपाल सुखी नेपाली"** को नारालाई सार्थक बनाउन सर्वपक्षीय विकासका लागि सबै पक्षलाई प्रदेश तथा केन्द्रसँगको समन्वयमा समृद्ध रूपाको विकास गरिने विश्वास दिलाउँदै नीति तथा कार्यक्रम निर्माणका लागि सहयोग गर्नु हुने जनप्रतिनिधि, कर्मचारी, बुद्धिजीवि, राजनीतिक दलका प्रतिनिधि तथा रूपाबासी सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु।

मिति २०८०/०३/०८

**अध्यक्ष,**

**रूपा गाउँपालिका, कास्की**

धन्यवाद।